बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सिन्धुली

सिन्धुलीमाढी, सिन्धुली, नेपाल

पत्र संख्या :-

चलानी नं. :- ४४०

मिति :.........२०८२/०६/०७....

श्री वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, हेटौडा, मकवानपुर ।
श्री वन निर्देशनालय,
बागमती प्रदेश, हेटौडा, मकवानपुर ।

विषयः Website मा सुचना प्रकाशन सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा तपसिलका सामुदायिक वन उपभोक्ता समूहबाट आ.व ०८१/०८२ मा यस कार्यालयको संकलन सहमती अनुसार उत्पादन गरेको गोलिया काठ/दाउरा बोलपत्र प्रकृया द्धारा लीलाम बिक्री गर्न लिलाम बिक्री सम्बन्धी २१ दने सुचना प्रकाशन गरी सुचना सहीत यस कार्यालयमा मन्त्रालय तथा निर्देशनालयको **Website** मा सुचना प्रकाशनका लागी अनुरोध गरी पठाएको हुँदा वन नियमावली २०७९(दोस्रो शंसोधन) नियम २५(२) बमोजिम ताहाँ मन्त्रालय तथा निर्देशनालयको **Website** मा सुचना प्रकाशन गरीदिनुहुन प्राप्त सुचना यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध छ ।

तपसिल

| सि.न. | सा.व.उ.स. को नाम | ठेगाना | पत्रको च.न. | पत्रको मिति |
|---|---|---|---|---|
| १ | निमाने खहरे | दु.न.पा. ११ | १९ | २०८२/०६/०२ |

२०८२/०६/०७

.............................
राम कुमार भण्डारी
रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

CamScanner

# निमाने खहरे सामुदायिक वन उपभोक्ता समूह

## दुधौली न.पा.वडा नं.-११, सिन्धुली

## गोलीया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

## पहिलो पटक प्रकाशित मिति ( २०८२/०६/०२)

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रवाट आ.व.२०८१/०८२ मा संकलन हुन आएका निम्न जातको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी बोलपत्र द्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएका उद्योगले यो सूचना **गन्तव्य टुडे** राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०६/०२ मा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पु-याई बोलपत्र पत्र दाखिला गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

| क.स. | लट नं. | जात | थान | परिमाण (क्यू.फिट) | न्यून्तम मूल्य | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ४४७ | ६९४.१८ | ६९४१८०।०० | निमाने खहरे काडी | |

२.बोलपत्र फाराम रु.१०००।- तिरी (पछि फिर्ता नहुनेगरी)यस सामुदायिक वन उपभोक्ता समूह,डिभिजन वन कार्यालय, सिन्धुली वाट मिति २०८२/०६/०२ गते देखि २०८२/०६/२२ गते सम्म खरिद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८२/०६/२३ गते दिनको १२:०० वजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ।

४.बोलपत्र साथ कबोल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको नेपाल बैंक लिमिटेड दुधौली, सिन्धुलीमा रहेको हि.न. २५२००१०७८५६९६१०००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर समावेश गरी पेश गर्नु पर्नेछ ।

५.डिभिजन वन कार्यालय सिन्धुलीवाट विक्री तथा दाखिला भएका बोलपत्रहरु विक्री गर्ने डिभिजन वन कार्यालय, सिन्धुलीवाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी सो को भोली पल्ट यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार माथी उल्लेखित घाटगद्धि भएको स्थानमा आई हेर्न सकिने छ ।

७. मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा भएका उद्योगले मात्र बोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु यस समूहको कार्यालयमा , सम्वन्धित सव डिभिजन वन कार्यालय का प्रतिनिधि र बोलपत्रपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केर मेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ।

११. बोलपत्र दाताले बोलपत्र शिलवन्दी गरेको खामको वायां तर्फबाट नाम, ठेगाना लेखि फर्मको छाप समेत लगाई खामको दायां तर्फबाट अध्यक्षलाई सम्वोधन गरी साकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नाघि रित नपु-याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका वाट आएको बोलपत्र उपर कारवाहि गरिने छैन ।

१३. बोलपत्र दाखिला र खोलीने दिन विदा पर्न गएमा सो कार्य सो को भोलीपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४.लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मूल्य अभिबृद्धि कर,सञ्चलन खर्च समेत वुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्वन्धित लटको धरौटी जफत गरिने छ ।

१५.बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१६.काठ संकलन, घाटगद्दी तथा ढुवानी खर्च वापतको रकम स्यापउड समेत कायम हुने परिमाणको काठको प्रति क्यू.फिट रु ३०५।- को दरले छुट्टै जम्मा गर्नु पर्ने छ

१७.विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

CamScanner